# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०३।११

## प्रेस विज्ञप्ति

प्रकाशित समाचारको विषयलाई लिएर दृष्टि साप्ताहिक र दृष्टिन्यूज डटकमका प्रकाशक शम्भु श्रेष्ठ, सम्पादक एमपी सुब्बालगायतका पत्रकारविरुद्ध विशेष अदालतले गरेको आदेशप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यही असार ८ गते 'विशेष अदालतमा बिचौलियाको चलखेल हटेन, सेटिङका मुद्दामा ३ महिनामै सफाइ' शीर्षकमा समाचार प्रकाशित भएको थियो । यही समाचारलाई लिएर कर्मचारीबाट परेको अवहेलना मुद्दाका आधारमा अदालतले प्रतिवेदन बनाएर विशेष इजलासबाट पत्रकारविरुद्ध फौजदारी अभियोग लगाइ आदेश जारी हुनु सुखद् विषय होइन ।

समाचारको विषयलाई अपराधीकरण गर्न नहुने दृष्टिकोण महासंघले राख्दै आएको छ । र, यस प्रकरणमा महासंघले कानुनी सहजीकरण गर्नेछ ।

सञ्चारमाध्यमलाई कुनै पनि सार्वजनिक विषयमा समाचार प्रकाशन/प्रसारण गर्ने अधिकार संविधानले सुनिश्चित गरेको छ । त्यही अधिकारको उपभोग गर्दा अदालतबाट पत्रकार विरुद्ध फौजदारी अभियोग लगाइनुले प्रेसको संविधानप्रदत्त अधिकारमाथि हस्तक्षेप हुनुका साथै प्रचलित कानुन र पत्रकारिताको लोकतान्त्रिक अभ्यास अनुकूल नभएको महासंघको बुझाइ रहेको छ ।

महासंघ न्यायपालिकाको काम र कर्तव्यको सदैव सम्मान गर्दछ र गर्दै आएको छ । तर, न्यापालिकाबाट भएको पछिल्लो आदेशले प्रेस स्वतन्त्रताको सवालमा प्रश्न खडा गरेको देखिन्छ । प्रकाशित समाचारमा चित्त नबुझे त्यसविरुद्ध हेर्ने सम्पूर्ण क्षेत्राधिकार प्रेस काउन्सिल नेपालको भएकोले त्यसमार्फत प्रक्रिया अगाडि बढाउन र सो आदेशमा पुनर्विचार गर्न महासंघ सम्बन्धित निकायसँग विशेष आग्रह गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org